स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी साउन ११ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'ईश्वर'को 'तिमी आयौ' बोलको रोमान्टिक गीत सार्वजनिक गरिएको छ । कृष्ण काफ्लेको स्वर, भीष्मराज फूलाराको शब्द रचना तथा अर्जुन पोखरेलको संगीत रहेको गीतमा फिल्मका अभिनेता पृथवीराज प्रसाईं र अभिनेत्री अनु शाहको 'लव केमेस्ट्री' देख्न सकिन्छ । एक हप्ताअघि यो गीतको लिरिकल भिडियो रिलिज गरिएको थियो ।

आजको विचार...



नयाँ... (दुई पेजमा)

डा. सञ्जिब हुमागाई



अभिनेता विपिन कार्की अस्वस्थ भएका छन् । पाँचथरको साधुटारमा फिल्म 'ऊनको स्विटर' छायाङ्कनका क्रममा उनी बिरामी परेका हुन् । विपिनलाई उच्च रक्तचाप (ब्लड प्रेसर हाई) को समस्या देखिएको हो । ब्लड प्रेसरको समस्या देखिएपछि छायाङ्कन रोकेर उनलाई उपचारका लागि सोमबार काठमाडौं ल्याइएको हो । काठमाडौंमा उनले चिकित्सकको परामर्शमा उपचार गरिरहेका छन् । सुटिङ सेटमा विपिनलाई उच्च प्रेसर देखियो । केही समय रेष्ट गर्दा पनि घट्दै घटेन ।

❐ वर्ष २९ ❐ अंक ३३७ ❐ २०८१ असार २२ गते शनिबार 6 July 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### जिप र मोटरसाईकल ठोक्किदा एक घाइते



तेजेन्द्र कुमार श्रेष्ठ

**गुल्मी,** असार २१/जिल्लाको रेसुंगा नगरपालिका -४ रायढुंगामा जिप र मोटरसाईकल एक आपसमा ठोक्किदा मोटरसाइकल चालक घाइते भएका छन् । तम्घासबाट धुर्कोटतर्फ गइरहेको लु १ प १३ प ७९५० नम्बरको मोटरसाईकल र विपरित दिशा (छल्दिपनाह)बाट तम्घास आइरहेको लु १ च ७३२७ नम्बरको डबल क्याप जिप एक आपसमा ठोक्किदा मोटरसाइकल चालक रेसुङ्गा नगरपालिका–८ निवासी ४३ वर्षीय देवबहादुर बिक घाइते भएका हुन् ।

उनलाई उपचारका लागि गुल्मी अस्पताल तम्घास ल्याइएकोमा थप उपचारका लागि लुम्बिनी मेडिकल कलेज पाल्पा रिफर गरिएको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी प्रहरी नायव उपरीक्षक शंकर पोखरेलले जानकारी दिए । उनको अवस्था मध्यम रहेको जनाइएको छ । जिप चालकलाई भने प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

# रामपुरको बजेट संशोधनसहित नगरसभाबाट पारित

## 'नीति तथा कार्यक्रममा रचनात्मकता'

हाम्रा संवाददाता

**पाल्पा,** असार २१/जिल्लाको रामपुर नगर सरकारको नगरसभाले आगामी आर्थिक वर्षका लागि प्रस्तावित वार्षिक बजेट पारित गरेको छ । यही असार ६ गतेको नगरसभा बैठकमा उपप्रमुख बालकुमारी थापाले पेस गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट र आर्थिक विधेयक नगरसभाको बैठकले संशोधनसहित पारित गरेको हो ।

उपप्रमुख थापाले बैठमा ७३ करोड ८५ लाख ४ हजारको बजेट प्रस्ताव गरेकी थिइन् । प्रस्ताव बजेट मध्ये प्रदेश सरकारबाट विशेष अनुदान २० लाख र प्रदेश सशर्तमा ६ लाख थप भएसँगै नगरपालिकाको आगामी आर्थिक वर्षको बजेट ७४ करोड ११ लाख ४ हजार पुगेको छ । संशोधनसहितको बजेट प्रस्तुत गर्दै उपप्रमुख थापाले चालु तर्फ ५६ करोड ३२ लाख ४४ हजार र पूँजिगत तर्फ १७ करोड ७८ लाख ६० हजार गरी ७४ करोड ११ लाख ४ हजार विनियोजन गरिएको बताइन् । जसमध्ये आर्थिक विकासतर्फ ३ करोड १५ लाख ५२ हजार, सामाजिक विकासमा ४० करोड २६ लाख ९३ हजार, पूर्वाधार विकासमा १२ करोड ५ लाख ६० हजार, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २ करोड ६१ लाख ९९ हजार र कार्यालय सञ्चालन तथा




प्रशासनिकतर्फ १६ करोड बजेट विनियोजन भएको छ । नगरपालिकाले १० वटै वडालाई ४२ लाख बराबरको बजेट प्रदान गरेको छ । नगरपालिकाले आयतर्फ संघीय समानिकरण अनुदान १२ करोड ६ लाख, संघीय राजस्व बाँडफाँडबाट ११ करोड ६ लाख, संघीय समपुरक पूँजिगत १ करोड ३५ लाख, सशर्त चालुतर्फ ३४ करोड ५३ लाख ४ हजार, संघीय सशर्त पूँजिगत १ करोड २० लाख, प्रदेश समानिकरण अनुदान ८२ लाख ६५ हजार, प्रदेश राजस्व बाँडफाँड ८१ लाख ४० हजार, प्रदेश समपुरक १ करोड ५ लाख, प्रदेश विशेष अनुदान २० लाख, प्रदेश सशर्त १ करोड ६ लाख र आन्तरिक स्रोतबाट ९ करोड ९५ लाख ९५ हजार जुटाउने लक्ष्य लिएको छ । बैठकमा विधेयक समितिका संयोजक मिनबहादुर सिंजालीले रामपुर नगरपालिकाको नगरसभाको कार्यसञ्चालन कार्यविधि विधेयक २०८१ प्रस्तुत गरेका थिए । सो विधेयक समेत सर्वसम्मत रुपमा पारित भएको छ । चरणबद्धरुपमा औपचारिक, अनौपचारिक ढङ्गबाट छलफल गरी नगरसभामा घनिभूत छलफलपछि नगरसभाका सदस्यहरुले राखेका केही संशोधनसहित बजेट पारित गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । 'नगर सरकारले उत्पादन वृद्धि, पर्यटनको विकास, शिक्षा र स्वास्थ्य, सम्पदा संरक्षण, पूर्वाधार निर्माणलाई विशेष ध्यान दिएका छौं, जेष्ठ नागरिक र बालबालिका समेतलाई प्राथमिकतामा राखेका छौं', प्रमुख थापाले भने । नगर सभाको अधिवेशनले ४ वटा ऐन पारित गरेको उनले जानकारी दिए । सभाको विशेष समयमा बोल्दै नगर प्रवक्ता कपिलबहादुर खाँण र शुन्य समयमा ६ का वडा सदस्य हरिनाथ ढुङ्गानाले आफ्नो भनाई राखेका थिए । सभा समापनमा बोल्दै प्रवक्ता कपिल बहादुर खाँणले सकारात्मक सन्देशसहित जनप्रतिनिधिहरु जनताको माझमा पुग्नु आवश्यक रहेको बताए । उनले विगतबाट सिकेको पाठलाई ग्रहण गर्दै नयाँ योजनाका साथ जनप्रतिनिधिहरु सक्रिय हुने समय आएको उल्लेख गरे । ३ का वडा अध्यक्ष दामोदर पाठकले नगरको विकासको लागि एकजुट भएर अघि बढ्नु पर्ने बताए । सभाको अवसरमा रामपुर नगरपालिकाले माध्यमिक शिक्षा परीक्षा एसईई जिल्ला मै उत्कृष्ट अंक ल्याउन सफल विद्यार्थी र विद्यालयलाई सम्मान गरेको छ । नगरको नमुना विद्यालय दरौंटी माध्यमिक विद्यालयबाट चार जीपीए ल्याउन सफल छात्रा पूर्णिमा लक्ष्मी कुँवर र १४ वर्ष नगरपालिकामा करारमा कार्यरत रही हाल स्वऐच्छिक अवकाश लिए कार्मचारी शिवा देवी थापालाई नगद सहित सम्मान गरिएको हो । नगर प्रमुख रमणबहादुर थापाको अध्यक्षता र प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितको सञ्चालनमा सभा भएको थियो ।

***'नीति तथा कार्यक्रममा रचनात्मकता'***

नगर प्रवक्ता तथा १ का वडा अध्यक्ष कपिलबहादुर खाँणले नीति तथा कार्यक्रममा रचनात्मकतालाई प्राथमिकतामा राखिएको बताएका छन् । नगर सभाको १५ औं अधिवेशनको दोस्रो बैठकपछि पत्रकार सम्मेलनमा बोल्दै उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा रचनात्मकतालाई बढी केन्द्रीत गरिएको बताएका हुन् । प्रवक्ता खाँणले भने'नगरको विकासको लागि नगरले नीति तथा कार्यक्रम र बजेटमा रचनात्मक कार्यक्रमलाई समेट्ने प्रयास गरेको छ ।' -बाँकी अन्तिम पेजमा

# खोलाले बगाएर एक वृद्धको मृत्यु

## गोठ भत्किदा पशुचौपया समेत मरे



वर्षाले भत्किएको गोठ । तस्बिर : जिल्ला प्रहरी कार्यालय स्याङजा

**पाल्पा,** असार २१/स्याङजाको पुतलीबजार नगरपालिका- १ वीरेन्द्रनगरमा खोलाले बगाएर एक वृद्धको मृत्यु भएको छ । शुक्रबार विहान वीरेन्द्रनगरस्थित अरौंदी खोलाले बगाएर सोही ठाउँका ७४ वर्षीय तिलबहादुर भुजेलको मृत्यु भएको हो ।

तर्ने क्रममा खोलाले बगाई गम्भीर घाईते भएका उनको आफ्नै छोरा होम बहादुर भुजेलले उद्धार गरी जिल्ला अस्पताल स्याङ्जा लगेकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक ईन्द्रबहादुर रानाले जानकारी दिए । शव जिल्ला अस्पतालमा पोष्टमार्टका लागि राखिएको छ । यस्तै अविरल वर्षाका कारण गोठ भत्किदा ३ चौपाया मरेका छन् । शुक्रबार विहान स्याङजाकै भिरकोट नगरपालिका -९ साउण्डीका ६७ वर्षीय चन्द्रबहादुर सिंजालीको २ तले कच्ची गोठ अविरल वर्षाको कारण भत्किदा एक वटा भैसी, दुई वटा बाखा मरेका छन् भने एक भैसी घाइते अवस्थामा रहेको जिल्ला प्रहरी कार्यालय स्याङजाले जनाएको छ । चौपायालाई कुँडो दिन जाने क्रममा गोठ भत्कदा ६७ वर्षीय चन्द्रबहादुर सिंजाली र उनको ५८ वर्षीया श्रीमती ठकुकुमारी सिंजाली सामान्य घाईते भएका छन् । उनीहरुको प्राथमिक स्वास्थ्य केन्द्र वालिङमा उपचार भईरहेको छ ।

## वर्षाका कारण रिडी-पूर्तिघाट सडक अवरुद्ध

# खोलाहरुमा पानीको बहाव बढ्दै गएकाले सतर्क रहन आग्रह

**गुल्मी,** असार २१/वर्षाका कारण पहिरो गएपछि कालीगण्डकी करिडोर सडकअन्तर्गत गुल्मीको रिडी-पूर्तिघाट सडकखण्ड अवरुद्ध बनेको छ । विहीबारराति वर्षासँगै आएको पहिरोका कारण सडक अवरुद्ध भएको हो ।

कालीगण्डकी गाउँपालिकाको भुर्तुङ र वडा नं ३ को मुल्कामा सडकमाथिबाट पहिरो खसेपछि सडक अवरुद्ध बनेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक शङ्कर पोखेलले जानकारी दिए । लगातार वर्षा भइरहेकाले पहिरो पन्छाएर सडक सञ्चालन गर्न समस्या भइरहेको उनले बताए । वर्षाका कारण शुक्रबार बिहानदेखि अवरुद्ध बनेको तम्घास(रिडी खण्ड भने सञ्चालन भएको सूचना अधिकारी पोखेलले जानकारी दिए ।

उक्त खण्डअन्तर्गत रुरुक्षेत्र गाउँपालिकाको कालीका मोड, छत्रकोट



गाउपालिकाको शृङ्गा र गुल्मीदरबार गाउँपालिकाको बिरबासमा पहिरो गएपछि बिहानैदेखि सडक अवरुद्ध बनेको थियो । अवरुद्ध सडक स्थानीय पालिका र निर्माण व्यवसायीको पहलमा सञ्चालन गरिएको हो । सडक सञ्चालन भएसँगै लामो तथा छोटो दूरीमा आवतजावत गर्ने र बीचमा रोकिएका सम्पूर्ण सवारीसाधन आफ्नो गन्तव्यतर्फ लागेका सूचना अधिकारी पोखेलले बताए । वर्षाका कारण सडक अवरुद्ध बनेपछि ग्रामीण भेगबाट सदरमुकाम तम्घास आउने एक दर्जनभन्दा बढी सडक अवरुद्ध बनेका छन् । निरन्तर वर्षा भइरहेकाले जिल्ला प्रशासन कार्यालयले नदी तथा खोला किनार क्षेत्र र पहिरोग्रस्त क्षेत्रका स्थानीयलाई सर्तक रही सुरक्षित स्थानमा बस्न आग्रह गरेको छ ।

प्रशासनले वर्षाको समयमा अत्यावश्यक काम बाहेक मानिसलाई लामो यात्रामा ननिस्कनसमेत आग्रह गरेको छ ।वर्षाका कारण कालीगण्डकी, बडिघाट, छल्दी, निस्तीलगायत नदी तथा स्थानीय खोलामा पानीको बहाव बढ्दै जान थालेकाले सर्तक रहन आग्रह गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय सहकारी दिवसको सन्दर्भ

प्रत्येक वर्ष जुलाई महिनाको पहिलो शनिबार विश्वभर अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइन्छ । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् १९२३ देखि नियमितरूपमा यो दिवस मनाउँदै आएको हो । आर्थिक–सामाजिक क्षेत्रमा सहकारीले पुऱ्याएको योगदानलाई दृष्टिगत गरी संयुक्त राष्ट्रसंघले १९९२ डिसेम्बर १६ को ८९ औँ पूर्ण बैठकबाट अन्तर्राष्ट्रिय सहकारी महासंघ स्थापना भएको सय वर्ष पूरा भएको अवसर पारेर सन् १९९५ देखि यो दिवस मनाउने निर्णय गरेको हो । सहकारी व्यवसायका माध्यमबाट गरिबी निवारण, रोजगारीको सिर्जना र सामाजिक एकताका लागि बहुमूल्य योगदान गरेको तथ्यलाई स्वीकार गर्दै यो दिवस मनाउने गरिएको छ ।

सहकारी भन्नाले आर्थिक रुपमा सिमान्तकृत, थोरै आय भएका र अन्य वित्तिय सेवामा पहुँच नभएका व्यक्ति या सामुदायिक समूहलाई प्रदान गरिने वित्तीय सेवा या सहायतालाई बुझाउँदछ । नेपालमा अनौपचारिक रुपमा प्राचीनकालदेखि नै नेपालमा गुठी, धर्मभकारी आदि नामबाट सहकार्यको शुरुवात भएको पाइन्छ तर औपचारिक रुपमा सहकारीको शुरुवात भने २०१३ सालमा भएको हो । सञ्चारमाध्यममा केही समययता आएका समाचार हेर्दा दुईचारजना टाठाबाठाले सयौं, हजारौंलाई गुमराहमा पार्दै ठगी गर्ने माध्यम सहकारी बनिरहेको देखिन्छ । सहकारीमार्फत सर्वसाधारण ठगिएको, सहकारी सञ्चालकले बदमासी गरेको समाचार नियमित आइरहेका छन् । यो अत्यन्त दु:खको कुरा हो । विगतमा सहकारी अभियान जुन रुपमा अगाडि बढेको थियो त्यो अहिले हुन सकेको छैन । सहकारी क्षेत्रमा अहिले अनेक समस्या देखिने गरेका छन्, जसले गर्दा पूरै सहकारी क्षेत्र नै बदनाम हुने खतरा बढेको छ । जुन उद्देश्यका साथ सहकारीलाई व्यापक बनाइएको थियो त्यसतर्फ सहकारी अभियान अघि बढ्न नसकेको सत्य हो । तर, किन यस्तो भइरहेको छ भनेर गम्भीर रूपमा अध्ययन, विश्लेषण गरिएको पाइँदैन । अवस्था यस्तै रहने हो भने सहकारीमा समस्या थपिँदै जान्छन् नै, सँगै राज्यको तीनखम्बे नीतिले काम नगरेर अर्थतन्त्रमा समेत समस्या आउँछ । सहकारीको समग्र अभियानको मूल लक्ष्य भनेकै समाज रुपान्तरणका लागि ऐक्यबद्धता रहेको हुँदा त्यसलाई नै विशेष प्राथमिकता दिएर जनजीविकामा सहजता ल्याउँने काममा सम्बन्धित देशका सरकारले ध्यान दिनुपर्छ । यसो भयो भने मात्र अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउनुको सार्थकता रहन्छ ।

### Opinion @ Social Network

मलाई मतलब छैन को कसको लागि कस्तो छ ,
जो म सँग राम्रो छ त्यो मेरो लागि राम्रो छ ।
*(प्रविन भट्टराईको फेसबुक स्टाटसबाट www.facebook.com//prabin.9893)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगआन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ प्रधानमन्त्रीले गर्नुपर्ने ७ काम



डा. सन्जिब हुमागाई

फेरि अर्को उथलपुथल भएन भने निकट भविष्यमा नै प्रतिनिधिसभामा दोस्रो ठूलो पार्टीका संसदीय दलका नेता केपी शर्मा ओली प्रतिनिधिसभामा पहिलो दलको प्रस्ताव एवं समर्थनमा देशको नयाँ प्रधानमन्त्री बन्नुहुनेछ । योसँगै २०४६ पश्चात् चौथो पटक, गणतन्त्रमा दोस्रो पटक र संघीय लोकतान्त्रिक गणतन्त्रमा पहिलो पटक प्रतिनिधिसभामा रहेका पहिलो र दोस्रो दलले संयुक्त सरकार सञ्चालन गर्नेछन् ।

संसद्का दुई ठूला दलहरूको सहमतिको दस्तावेज बाहिरिइसकेको छैन । सञ्चारमाध्यमबाट प्राप्त सूचनालाई विश्वास गर्ने हो भने अहिले कांग्रेस र एमाले आफैं सत्तामा हुँदा निर्माण गरेको संविधान संशोधनका लागि रणनीतिक साझेदारीमा सहमत भएका छन् । उनीहरूले आफ्ना गतिविधिलाई संरक्षण गर्न नेपाली जनताका दीर्घ चासोको मुद्दा 'स्थायित्व' लाई पनि मसला बनाइरहेका छन् । पहिला यसको औचित्यको बारेमा चर्चा गरौं । विगत एक दशक अझ भन्ने हो भने तीन दशकदेखि नेपालका प्राय: राजनीतिक दलहरूले आफ्ना प्रमुख निर्णय एवं गतिविधिका बारेमा आम नागरिकलाई चित्त बुझाउने गरी व्याख्या गर्न सकेका छैनन् र अहिलेका घटनाक्रम पनि पक्कै अपवाद हुने छैनन् । राजनीतिमा निर्णय सही भयो कि गलत भन्ने विषयको मूल्यांकन प्रक्रिया केन्द्रित हुन्छ, हुनुपर्दछ । यदि नतिजालाई मात्रै आधार मान्ने हो भने २००७, २०४६ र २०६२/६३ का सबै कदमहरूलाई गलत मान्नुपर्दछ । तर हामी प्रक्रियामा आधारित भएर त्यस्ता सबै क्षणहरूलाई ऐतिहासिक र गौरवशाली समय र गतिविधिको रूपमा स्मरण गर्दछौं । अहिले दलहरू बीचका संवाद र प्रक्रियामा अनगिन्ती प्रश्नहरू छन् । यो मानकमा नयाँ र पुराना दलहरूमा खासै भिन्नता छैनन् । साथै, अत्यन्तै विषम परिस्थिति बाहेक प्रतिनिधिसभामा पहिलो र दोस्रो दल एकैपटक सरकारमा सहभागी हुनु पनि त्यति शोभनीय हुँदैन । कम्तीमा अहिलेसम्म दुई प्रमुख दलका नेताहरूले आफ्ना गतिविधिको औचित्यलाई पुष्टि गर्ने चित्तबुझ्दो आधारहरू प्रस्तुत गर्न सक्नुभएको छैन । जरुर तपाइँहरूको अहिलेको निर्णयले देशको मुहार फेरियो भने यो पंक्तिकार तपाईं सबैप्रति कृतज्ञ मात्रै रहने छैन आत्मालोचनाको लागि पनि तयार रहनेछ । अब एकैछिन हामी कसरी यहाँसम्म आइपुग्यौं भन्ने चर्चा गरौं । कुरा प्रष्ट छ- नेपालले २०४६ सालदेखि बीचमा शाही शासनकालको अपवाद बाहेक हामी निरन्तर दलतन्त्रको अभ्यासमा छौं । दलतन्त्रमा नागरिक के चाहन्छन् होइन दलहरू के चाहन्छन् भन्ने विषय प्रधान हुन्छ । नेपालको हकमा राज्यको सेवा र सुविधा प्राप्त गर्न दलका सदस्यहरूलाई जति सहज छ, गैर सदस्यहरूलाई त्योभन्दा कठिन छ । दलतन्त्रको निरन्तरको अभ्यासले कार्यपालिका र न्यायपालिकामा समेत दलीयकरणको बाछिटा लाग्यो । विश्वविद्यालय र प्राज्ञिक संस्थाहरू पनि अछुतो रहेनन् । मिडियामा पनि त्यसले प्रभाव पाऱ्यो । इतिहासको त्यही काल खण्डमा प्रश्न गर्न हिम्मत राख्ने युवाहरूको देश छोड्ने लर्को नै लाग्यो वा लगाइयो । राजनीतिक दलहरूलाई कडा रूपमा प्रश्न गर्न सक्ने संगठित जमातको खडेरी पऱ्यो र उनीहरू झन्-झन् बलिया, स्वतन्त्र र उद्दण्ड हुँदै गए । राजनीतिक शक्ति राजनीतिक दलहरूमा केन्द्रित भयो । समाजमा शक्तिको असन्तुलन भयो । संविधान निर्माणको सिलसिलामा उच्चस्तरीय संयन्त्र वा सहमतिको राजनीतिको नाममा सदनको भूमिका र दलहरूको आन्तरिक लोकतन्त्रलाई कमजोर बनाउने काम भया`। अपवाद बाहेक प्रमुख दलका शीर्ष नेताले संयुक्त रूपमा गर्ने निर्णय कानुन जस्तै हुने अप्राकृतिक राजनीतिक संस्कारले डरलाग्दो जरा गाड्यो । त्यो शृंखला जारी छ, विकराल बनेको छ । अहिलेको यो घटनालाई व्याख्या गर्दा प्रमुख दलहरूको सिद्धान्त र विचारको द्रुत रूपान्तरण र प्रमुख दलहरूले नयाँ दल र सामाजिक आवाजबाट अनुभूति गरिरहेको चुनौतीले पनि निश्चित रूपमा निर्णायक भूमिका खेलेको छ । यो पनि स्मरण गरौं, प्रमुख दलका विचार एवं सिद्धान्तमा आएको रूपान्तरणको विषयमा दलहरू स्वयं नै अस्पष्ट र अन्योलमा छन् ।

**अब के गर्ने?**

चर्चामा रहनुभएका प्रधानमन्त्रीका उम्मेदवार समकालीन नेताहरूको तुलनामा देश-विदेशका विकासक्रम र नेपालले रोज्नुपर्ने बाटोको बारेमा धेरै जानकारी राख्ने र आफ्नो भिजनमा प्रष्ट नेता हुनुहुन्छ । उहाँको क्षमताको प्रशंसकको संख्या पनि ठूलै छ । तर आर्थिक, राजनीतिक एवं सामाजिक आधुनिकीकरण एक जना नेताको इच्छाशक्तिले मात्र सम्भव हुँदैन । सुरुमा विकास वा समुन्नतिमैत्री वातावरण सिर्जना गर्नुपर्दछ । त्यसका लागि तत्काल निम्न सात विषयमा ध्यान दिनु अत्यावश्यक छ ।

**१. राष्ट्रिय मेलमिलाप**

२०६२/६३ को आन्दोलन भन्दा अझ अगाडि जाने हो भने २०४७/४८ देखि जनतालाई विभिन्न नाममा फुटाएर राजनीति गर्ने संस्कार मौलायो। नेताहरूका बीचमा पुनर्मिलन भए पनि धेरै क्षेत्र एवं विषयमा स्थानीय रूपमा तिक्तता यथावत् नै छन् । पेचिलो बन्दै गएको शान्ति प्रक्रिया होस् वा युवाहरूको पाको उमेर समूहका नेतृत्वप्रतिको आक्रोश त्यसका ज्वलन्त उदाहरण हुन् । फरक जात, भूगोल, लिङ्ग, धर्म, उमेर, आर्थिक अवस्था, विचारका आधारमा हुने विभेदको न्यूनीकरण र क्रमिक अन्त्य, भिन्नतालाई स्वीकार गर्ने र सम्मान गर्ने संस्कारको खडेरीमा कुनै पनि मुलुकले कुनै पनि प्रकारको विकास गर्न सक्दैन । जनताबीच मैत्री सम्बन्ध स्थापना हरेक सरकारको पहिलो प्राथमिकताको मुद्दा बन्नुपर्दछ । यसमा राष्ट्रिय अभियान नै आवश्यक छ ।

**२. संसद्को साख**

सदन नागरिकका हर समस्याको बहस र समाधान दिने थलो बन्नुपर्दछ। राज्यको सबैभन्दा प्रभावकारी निकाय बन्नुपर्दछ । आशाको केन्द्र बन्नुपर्दछ। संविधान र लोकतन्त्रको रक्षा गर्ने, सरकारको काममा निगरानी, राज्य छ भन्ने विषय र सुशासन प्रत्याभूति गराउने, कानुन वा विधिको अभावले जनताले कष्ट भोग्नु परेको क्षेत्रमा तत्काल कानुन निर्माण गर्ने र समग्रमा नीति निर्माणको हरेक विषयको नेतृत्व गर्न सक्ने संसद् आजको अपरिहार्य आवश्यकता हो । इन्तु, किन्तु, परन्तु नभनिकन संसद्लाई गरिमामय र सांसदलाई सबैभन्दा सम्मानित जिम्मेवारी बनाउनुपर्दछ । किनकि जनताले प्रत्यक्ष रूपमा चुनेका प्रतिनिधि यस्तो सम्मानका लागि हुन्छ तर उनीहरूले आफ्नो जिम्मेवारी बुझ्नु र निर्वाह गर्नुपर्छ । यो राज्यको स्वाधीनता रक्षासँग जोडिएको विषय हो र यसमा हेलचेक्र्याइँ गर्ने धृष्टता कसैले गर्नुहुँदैन ।

**३. लोकतन्त्रप्रतिको विश्वास**

न्यूनतम प्रजातन्त्रमा, बहुल संस्कृतिवाद र केही गैर-बहुमतीय प्रजातान्त्रिक सिद्धान्तहरूको समिश्रित स्वरूप हो नेपालको लोकतन्त्र । यो व्यवस्थाभित्र देशलाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा समुन्नत बनाउने दर्शन पनि लुकेको छ । त्यसको न्यायसंगत व्याख्या मार्फत आम नागरिकमा लोकतन्त्रप्रतिको विश्वास अभिवृद्धि गर्नुको कुनै विकल्प छैन । साथै, न्यूनतम प्रजातन्त्रलाई थप संस्थागत गर्दै पूर्ण प्रजातन्त्रमा रूपान्तरण गर्ने अभिभारा पनि हाम्रो नै हो । यो नै सबल राष्ट्र र राष्ट्रियता निर्माणको सजिलो बाटो हो । देशको शासन प्रणालीसँग जोडिएको राष्ट्रियताका सिद्धान्तले मात्र जनतामा ऊर्जा र त्यागको भावना सिर्जना गर्न सक्दछन् । मुलुक लोकतान्त्रिक छ, जनताको लोकतन्त्रप्रति विश्वास छैन भने त्यहाँ उच्च राष्ट्रियताको भाव र व्यवहार परिकल्पना गर्न सकिँदैन । २०६२/६३ देखि हामी यसमा चुक्यौं । अब नचुकौं ।

**४. नागरिक परिचालन र आम संवादको राजनीति**

भाषण धेरै भयो। अब अति नै भइसक्यो । समाजका हर क्षेत्रका समस्याका बारेमा समाधानका उपाय जानेका, समाज र सिङ्गो देशको विकासको लागि आफ्नो जीवन अर्पण गर्न तत्पर नागरिकको कमी छैन हाम्रो देशमा । त्यस्ता सक्षम र निष्ठावान् नागरिकहरूलाई पूर्ण र व्यवस्थित परिचालन गर्दा मात्रै हामी हाम्रो गन्तव्यमा चाँडै पुग्न सक्दछौं । हरेक नागरिकले राष्ट्र विकासमा आफू परिचालित रहेको विश्वास गर्ने एक देश, एक टिम, एक उद्देश्य, एक भावना आदि आदि सिर्जना हुँदा मात्र देशको सही रूपान्तरण सम्भव हुन्छ । कार्यकर्ताले मात्र घेरिएको नेतृत्वबाट यो सम्भव हुँदैन । नागरिक परिचालन गर्न आम संवादको राजनीति आवश्यक हुन्छ ।

**५. भूमिकामा स्पष्टता**

राज्यका सबै तह, निकाय, व्यक्ति बीच कार्यजिम्मेवारीको बाँडफाँड, अधिकार र कर्तव्यमा स्पष्टताको अभावलाई यथावत् राखेर अगाडि बढ्न खोज्नु भनेको गन्तव्यमा छिटो पुग्न गुडिरहेको रेलभित्र आफू पनि दौडनु जस्तै हो । राजाको शासनकालमा देशका केही अंग मात्र सक्रिय भए त्यसैले विकास हुन सकेन भनेर हामीले राजनीतिक परिवर्तन गऱ्यौं । तर प्रजातन्त्र र लोकतन्त्रमा पनि राज्यका धेरै अंगहरूलाई निष्क्रिय बनाउने खेल रोकिएन । धेरै संस्था र व्यक्तिलाई हामीले कामचोर, अल्छी बनायौं। यसरी देश विकास हुँदैन । भूमिकालाई स्पष्ट पार्ने र सोका आधारमा पुरस्कार र दण्डको व्यवस्थाको खुला र व्यवस्थित कार्यान्वयन अपरिहार्य छ। सदन सदन जस्तो, सरकार सरकार जस्तो, मन्त्रालय मन्त्रालय जस्तो हुनुपर्दछ। यो सिद्धान्त हरेक सार्वजनिक निकाय र त्यसमा आबद्ध सबै व्यक्तिमा लागू हुनुपर्दछ ।

**६. विश्वसनीय 'सार्वजनिक' स्थान, कार्यालय एवं सेवा**

सार्वजनिक भन्ने शब्दको विश्वसनीयता माथि धेरै प्रश्न छन् । यो कदापि सुखद् अवस्था होइन । कर तिर्ने नागरिकले कर तिरेबापत पाउने सुविधा पनि दिन नसक्नु हामी सबैको कमजोरी, नालायकीपन हो । देशको मालिकलाई यसरी आफ्नै कारिन्दाबाट पीडित र सशंकित हुने युगको अन्त्य गर्नुपर्दछ । सार्वजनिक स्थान एवं कार्यालय जस्तै शौचालय, अस्पताल, प्रहरी चौकी, विद्यालय र त्यहाँ प्राप्त हुने सेवा प्रति आम नागरिकको विश्वास हुनुपर्दछ र त्यस्ता सेवा प्राप्त गर्न भनसुन गर्नु नपर्ने वातावरण सिर्जना गर्नुपर्दछ । सीधा भन्दा हामीलाई आधुनिक देश चाहिएको छ र अब देशको पूर्ण आधुनिकीकरणमा ढिलाइ गर्नुहुँदैन ।

**७. उत्पादक नेपाली, उत्पादनमय नेपाल**

समग्रमा नागरिक र समाजको उत्पादकत्वमा कमी आएको छ। समाजमा प्राधिकार गुमेको छ। कार्यालयमा आफू भन्दा माथिल्लो तहका कर्मचारीले भनेको नमान्नु सामान्य भएको छ। कानुन मिच्दा वा प्रकिया छल्दा मात्रै पहिचान स्वीकार हुने डरलाग्दो रोग लागेको छ। यस्तो दुष्चक्रमा उत्पादकत्व र उत्पादन घट्नु स्वाभाविक हुन्छ । यसको अन्त्य नेपालको प्रमुख अपरिहार्यता हो । नागरिकको आचरण परिवर्तनदेखि राज्य र नागरिकको सम्बन्ध तथा शिक्षा प्रणालीसम्म सबै यसैमा जोडिएको छ । अन्त्यमा, जो जसले गर्दा होस्, संविधान संशोधनको इनिङ सुरुवात भएको छ, यसलाई छिटो तार्किक निष्कर्षमा नपुऱ्याउने हो भने नेपाली जनताले इतिहासमा कहिल्यै क्षमा नगर्ने अवस्थामा पुऱ्याउनेछन् भन्ने तथ्यलाई दुई प्रमुख दलले नजरअन्दाज नगरुन् ।

*-अनलाइनखबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ वस्त्रको प्राप्ति हुनेछ । धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । | **तुला** : नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** : वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ । मित्रहरूले सहयोग गर्नेछन् । | **वृश्चिक** : वित्तिय संस्था बाट सहयोग पाइनेछ । आँटेको कार्य पुरा होला । |
| **मिथुन** : व्यवसायमा सफलता हुनेछ । कूटनीतिक नियोगको सहयोग मिल्ला । | **धनु** : मुद्दा मामिलामा सफलता पाइनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **कर्कट** : अधिकारमा सफलता मिल्नेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ । | **मकर** : कला र गलाको प्रभाव बढ्नेछ। अचल सम्पत्ति हात पर्ने योग छ । |
| **सिंह** : मित्रबाट विशेष सहयोग मिल्नेछ। अनावश्यक ठाउँमा धन खर्च होला । | **कुम्भ** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। |
| **कन्या** : आफ्नो विचार विपरित निर्णय हुनेछ । कामहरू अधुरै रहलान् । | **मीन** : मनमा शङ्का उत्पन्न हुनेछ । अनावश्यक धन खर्च हुनेछ । |

# साहित्य दर्पण

कथा — भोज अर्याल

## कुलबहादुर

कुलबहादुर ! एउटा बलवान व्यक्ति थिए । उनको शरीर हट्टाकट्टा नै थियो । छोटो कद भएका उनमा आत्मबलको कमी थिएन । कालो वर्ण भएका उनी मुखभरि धब्बाले भरिएका पुरुष थिए । के कसरी धब्बा बसेको होला, मेसो त पाइनँ । तर, 'सानैमा म बिरामी थिएँ रे' भनिरहन्थे उनी ।

दशक बढी उनकै आसपास रहँदा उनी बिरामी परेर लडेको कहिल्यै देखिएन । सधैं तन्दुरुस्तै । उनी एक गरिब परिवारका कर्मवीर योद्धा थिए ।

उनका बाआमा र अरू परिवारका सदस्य कहाँ छन् भन्ने अत्तो पत्तो उनैलाई पनि जाद्रै थिएन । वर्षौं सँगै हुँदा पनि उनलाई कोही आएर भटेभैँ लागेन । नाम उनको कुल भए पनि कुलको कुनै पत्तो फाँट नहुँदा उनी बेकुलका मान्छे भैँ थिए । तर उनी बहादुर थिए भन्ने कुरा उनलाई बाह्र वर्ष पढेपछि बुझ्न सकेको थिएँ । उनी मेरा असल छिमेकी थिए । अहिले केवल सम्झनामा छन् । उनी यस कथाका काल्पनिक पात्र हैनन् तर अहिले काल्पनिक नै लाग्छ । सत्य पनि समय बित्दै जाँदा असत्य भैँ लाग्नु सत्य कुरा रहेछ । कुलबहादुर एउटा म जस्तो फुच्चे बाहुनको नजिक रहेका कामी पुरुष थिए । जुन पर्खाल उनी र म मिलेर कहिल्यै भत्काउन सकेनौं । उनको टाउको ओतिने सानो घर थियो जहाँ उनी र उनकी श्रीमती सँगै बस्थे । उनले श्रीमतीलाई चाट्नै खोज्थे मायाले ! उनकी श्रीमतीलाई हिंड्न-डुल्न र गाह्रो हुन्थ्यो । सबै काम आफै गर्न खोज्थे । उनीहरूको सन्तान थिएनन् तर बिहे हुँदै छोरीहरू ल्याएरै आएकी रहेछन् ! दोस्रो घरबार थियो त्यो उनको । एउटा भैंसी पालेका थिए । आफ्नै सन्तान भैँ गर्थे । भैसींको पाडीलाई आफ्नै ठान्थे ! घुमफिर गरेर आउँदा एक मुठी घाँस ल्याएर मुखमा पुऱ्याउँथे, मुसार्थे र भैंसी पनि टाँसिनै खोज्थ्यो । एउटा कालो कुकुर अनि कुखुराका चल्ला पालेका थिए । कुकुर अलि जाद्रो थियो । नचिनेको मान्छेलाई खानै खोज्थ्यो ! तर रक्षक नै थ्यो कुकुर हाम्रो पनि । रातमा कहीं रुखको पात खस्दा पनि झन्केर भुक्थ्यो । पुस-माघ महिनामा छाउरा काढ्थ्यो । त्यस बेला त झन् कसैलाई बाटै हिंड्न नदिने ! झम्टिहाल्ने । कहिले उनका कुखुरा हाम्रो तिर आएर बेर्नाहरू भुर्कुट पार्थे । अनि आमा रिसले चुर हुनुहुन्थ्यो । उनी केटा केटी देख्दा रमाउँथे, माया गर्थे ! मुसार्थे, काखमा हाल्थे, दारी दल्दिन्थे, सुम्सुम्याउँथे ! भलै उनी निसन्तान थिए । घाम ताप्न रमाउँथे पुस-माघ तिर । घाममा सुत्थे घोप्टो परेर ! म जस्ता त्यो समयका बच्चालाई ढाडमा उफ्रिन लगाउँथे र आनन्द मान्थे ! म जस्ता स्कुले बच्चालाई 'उमेर कति होला मेरो' भनेर हिसाब निकाल्न लगाउँथे । जन्मेको साल दिएर । म १४-१५ को हुँदा उनी ६५ का पुगेका रहेछन् । आफू पनि औंला भाँच्थे र उमेरको फारो लगाएर टाउको हल्लाउँथे ! तीन, बिस र पाँच ! हामीले उनलाई दाइ भन्ने गर्थिम् । कोही कुलबहादुर भनेर बोलाउँथे । कोही जेठा भन्थे । हजुर बाको उमेरको मान्छेलाई दाइ भन्नु कतै जातियताको जन्जालले बनाएको नाता हो कि भैँ लाग्छ ! अहिले सम्झँदा । तर त्यसको हिसाब निकालेनम् कहिल्यै पनि ! उनी गाउँघरका कटुवाल थिए । भैपरि आउँदा घरघरमा समाचार पुऱ्याउने काम उनको । आजको भैँ फोन त देखेकै थिएनम् हामीले । त्यो दूरदराजको झुपडीतिर ! उनी एक हिसाबले सारा गाउँका दूत वा मेसेन्जर हुने गर्थे ! उनको साथमा एउटा दमाहा अटुट हुने गर्थ्यो । सधैं नै चुस्त दुरुस्त राख्थे दमाहा ! केही काम पर्दा उनैले सबै गाउँलेलाई भेला पार्न उर्दी गर्थे ! दमाहा डोरीले थाप्लोमा बोकेर डाँडातिर जान्थे अनि उभिएर घाँटीमा झुन्डाउँथे दमाहा ! दुई वटा काठको डन्डी जसलाई उनी गजो भन्थे ! गजोले बाजा ठोक्थे एक सुरले उनी । दुई-तिन मिनेट पछि बाजा रोकेर उनी तल गाउँ तिर फर्केर घोक्रो फुलाएर भन्थे, 'लौ है साहेप हो ! भोली यति बजे यहाँ आइपुग्नु कुर्रे नामको मानिस ।' उता गाउँलेहरू कान थापेरै बस्थे । आदेशपालक भैँ भोलि पुगेकै हुन्थे ! बाटो खन्न, स्कुल बनाउन, मन्दिर बनाउन, आदि कामको लागि । दशैं-तिहारमा उनी अलि व्यस्त हुन्थे ! बाटो खनाउन, मन्दिरमा सर-समान र पुजारीको रासन जुटाउन ! राम नवमीको दिन त भ्याइनभ्याई हुने, उनको त्यो व्यस्तता ! कति कति । हरेक ठाउँ पुग्नु पर्ने उनै । केही पऱ्यो कि सबैले कुलबहादुर भनिहाल्ने । ठुलाबडासँग उनको सिधा सम्पर्क हुन्थ्यो । उनी त दाहिने हात पो थिए सबैका । दशैंको बेला भिडभाड हुने ठाउँमा उनी पुग्थे लौरोले भिड नियन्त्रण गर्न ! हानुँला भैँ गरे पनि हान्दैनथे कसैलाई पनि ! कहिलेकहीं त हम्मे नै पर्ने गर्थ्यो उनलाई ! उनीसँग एउटा कालो झोला थियो । कहिल्यै धोएनन् उनले त्यो झोला ! दशैं-तिहारको भागभुग्रो उठाउन उनी हिंड्थे झोला बोकेर गाउँघरतिर । दशैं त सबैभन्दा छिटो उनै को आउँथ्यो र पछिसम्म उनैको रहन्थ्यो ! बाहुनलाई उनी बिस्टवान् भन्थे ! भेट्दा 'जदौ साहेप !' भनेर शिर झुकाउँथे । मान खुबै गर्ने उनको बानी थियो । बोलीमा मिठास धेरै थियो । नरमपन अनि सबैको प्यारो मान्छे ! दुनियाँले चिनेको-जानेको छ । कति ठुलो सामाजिक कद हो ! लोभ लाग्दो । जुन कुरा ठुलाठालु बनेर गफ दिने आजकाका मान्छेमा समेत पाइँदैन ! तिहारमा उनी देउसी भैलो खेल्थे साथीभाइहरू सँगै ! उनी गुन्युचोलीमा चिटिक्क हुन्थे । गरगहना लगाउँथे र मारुले बन्थे। झमझम मादलमा फेरो मार्दै खुबै नाच्थे उनी । जुता-चप्पल लाउँथेनन् उनी । नाच्दा काला तिघ्रा अनि पट्ट फुटेका उनका खुट्टा स्पष्ट देखिन्थे । उनको टाउको हल्लिरहन्थ्यो । किन हो खै जानिएन । कसैले त हनहने पनि भन्थे जिस्किएर उनलाई । उनले कहिल्यै नुहाउने धुने दुख गरेनन् । तर निरोगी मानिस थिए उनी । चाडपर्वमा उनको घर भरिभराउ हुन्थ्यो छोरीज्वाइँ र परपाहुनाले । अलि अबेरसम्म आएनन् भने टोलाउँथे र रुन्छन् कि भैँ गर्थे । नाति-नातिना चेप्राउँथे काखमा । कहिल्यै झर्केनन् । सानो घरमा कसरी अट्थे होला धेरै पाहुना ? अचम्म लाग्थ्यो ! अलिअलि जाँड खान्थे कहिले कसो ! उसो त छोरीज्वाइँले पनि कोसेली बोकेर आएकै हुन्थे । जाँडपानी र पाडाको साँप्रो ! हल्का रमाइलो त गर्थे उनी । तर मातेर हिंडेनन्, रक्सीको ताल र सुरमा । खराब वचन बोलेनन्, कसैको मनमा बिझ्ने गरी । भद्र पुरुष थिए । जो आज सबैको मनमनमा बसेका छन् । धेरै जसो भैंसीको मासु पाक्थ्यो उनको चुल्होमा ! साँझ अबेर मात्र पकाउने गर्थे ! मासु छिल्दा घरै भत्केको जस्तो आवाज हुन्थ्यो । अनि पोलपाल गरेर खान्थे मासु । पोलेको बास्ना हामी भैंसी नखानेको मुखमा पस्न खोज्थ्यो ! तर सम्हालिनुको विकल्प थिएन ! मासुमा पिठो राखेर खान्थे । मिठो चोखो खाने कुरा उनी र हामी बिच चल्थेन ! तर अरू कुरा चल्थ्यो । नपकाएको चामल-तरकारी ! किनकि समाज नै जातभातको कुरामा बढी विश्वास गर्ने ! कहिले कहीं बुढाबुढी बीच ठाकठुक परेको हुन्थ्यो तर छिनमै मिलिहाल्थे । टिमुर खर्के भन्थे बुढीलाई बोलाउँदा ! बुढीको अरू नाम थिएन । टिमुर खर्क बाट नै ल्याएका रहेछन् बिहे गरेर । कहिले त छिरफुर पनि बोल्थे तर अरूले नसुन्ने गरी । चुरोट तान्थे उनी धेरै जसो । कोही देश-विदेश बसेर आउँदा एक खिली चुरोटको आस गर्थे । धेरैले दिन्थे पनि । केहीले भने दुई-चार पैसो हातमा हाल्दिन्थे । उनी मख्ख पर्थे ! एउटा सुर्कनी थैली थियो जहाँ उनी पैसा राख्थे । रामरसतिर जाने बेला छोरीचेलीलाई दिने गर्थे । दया-मायाका खानी नै थिए ! दिनभरी गाउँघर चहारेर साँझ फर्किन्थे घरमा । तर्रर पसिना पुछ्थे आफ्नै टोपीले । अनि चिसो पानी घटघट पिउँथे नबिसाई । अनि घरको पिँडीमाफ्यात्त पसारिन्थे । 'के खाने हो खै आज । ढिँडो होड्ल्ले त होला' भन्थे ! खुबै मिठो मानेर सिस्नु पकाएर खान्थे दुबै जनाले । कहिले त झमक्क अँधेरै हुन्थ्यो घरमा पुग्दा ! तर गजबले हिंड्थे अँध्यारो मै पनि ! उनका आँखा बुढेस कालमा पनि निकै तेज थिए । कहिले माथिनेर घर जान्थे रातीसम्म गफगाफ गरेर बस्न ! हामी भित्र, उनीहरू ढोका बाहिर ! मिठा कुरा हुन्थे । बाहुनको घरमा पस्ने कुरै थिएन ! उसो त हामी पनि पसेको हुदैँनथिम् उनको घरभित्र । दुई बीचको अन्य मान्यता तोड्न सफल भए पनि घरभित्र नपस्ने चाहिँ तोड्न सकेनौं दुवैले । उनी देश र दुनियाँका कुरा बुझेर हामीलाई सुनाउँथे । राजनीतिमा चाख राख्थे । चुनाव आउँदा उनैलाई लाग्थ्यो धेरै । कसलाई कहाँ भोट दिने हो उनी तानाबाना बुन्थे । जुगजमाना बिग्रियो हजुर भनेर चिन्ता उस्तै गर्थे । 'बाहुनहरू आफ्नो सत धर्म छोड्न पुगेको कुरा' गर्थे उनी, 'हामी मतवाली जात आफ्नै ठाउँमा छौं तर बाहुन भनाउँदाहरू खोजेरै हिँड्छन् ठाडो घाँटी लाउन' । उनी बिचारका पक्का थिए ! 'कामीको छोरो हुँ, झुटो बोल्न जान्दिनँ नानी !' भन्थे उनी । कुनै कुराको रबाफ र घमन्ड थिएन । सम्बन्ध र बिचार दुवै राम्रो ! उनी दामी बिचार भएका कामी थिए । मान्छेले मान्छे खाने जमाना आउँछ भन्थे उनी ! हुन पनि भयो त्यस्तै । खान त खाएनन् तर मार्ने र मर्ने कुरा छिटै नै भोग्न र जान्न पायो दुनियाँले । उनी जस्ता सामान्य व्यक्ति पनि कसरी विज्ञको कुरा बोल्न सकेका हुन् ? पढालेखा नभएका कटुवालले कसरी देश र दुनियाँको गहिरो ज्ञान राख्न सकेको ? कसरी समाजमा सबैको प्रिय पात्र हुन सकेको । कसरी समाजलाई गहिरोसँग बुझेको ? कसरी त्यो समाजमा दूत भएर मिलाएको ! करिब १६ वर्ष पुग्नै लाग्दा उनको नजरबाट धेरै पर पुगेको थिएँ ! त्यस बेला उनले सारै नजाती मानेका हुन् ! किनकि हाम्रो मित्रताले त्यही नेर बिराम लगायो र म समथर भूभागतिर बसाइ सरें । मेरो र उनको भेट कहिल्यै भएन त्यस उप्रान्त ! आउने-जाने मान्छेको मुखबाट सुनेको थिएँ । केही वर्षमै श्रीमती बितिन् रोगले गालेर । हुन पनि सारो अम्मली थिइन् उनी ! त्यसपछि त झन् उनी एक्लो टुहुरो परेछन् ! अलि वर्ष पछि कटुवाल काम छोडेछन् । उमेर घर्किंदै गएर उनी बुढा भएर बेसहारा भैँ परेछन् । त्यो झुपडी त झन् क्षीण हीन हुन पुगेछ । सहयोगी कोही नहुँदा धेरै गारो परेछ । अन्तमा उनी पनि परलोक गएछन् जुन कुरा धेरै पछि पो सुन्न पाइयो ! यदि उनी जीवित भएको भए यो सबै कथा र व्यथा सुनेर कि त उनी हाँसेका हुन्थे या सम्झिएर रुन्थे ! तर उनी फलाम जस्तै दह्रो आत्मबल भएका सामाजिक अभियन्ता थिए जुन कुरा उनका कथाका पन्ना पल्टाउँदा सजिलै थाहा हुन्छ । उनी कुल बिनाका कुल थिए । एक्लो जस्तै देखिए पनि उनीसँग संसारै थियो । जुन कुरा सम्झिएर लोभ नै लाग्ने गर्छ..!

*-साहित्यपोस्ट डटकम*

निबन्ध — खगेन्द्र संग्रौला

## जीवन : गाईको निबन्ध

एक जना युवासँगको सङ्गतमा भर्खरै घटेको एउटा असहज घटना मेरो स्मृतिपटमा गोरुका फिलामा किर्नोभैँ टाँसिएर बसेको छ । यी अपरिचित रैथाने युवाले दसैंको छेक पारेर निस्कने रैथाने पत्रिकाका लागि टेलिफोन मार्फत मसँग एउटा रचना मागे । उनले दाबी गरे, रैथानेका नाताले उनलाई स्वत: माग्ने अधिकार छ र रैथानेकै नाताले मचाहिँ दिनैपर्ने कर्तव्यको अदृश्य सूत्रले बाँधिएको छु ।

मलाई फसाद पऱ्यो, रचनाको माग सर्तको सुर्काने भएर मेरो घाँटीमा बेरिन आइलाग्यो । सर्त थियो, रचना एकदम वस्तुपरक हुनुपर्छ । वस्तुपरक हुनलाई, उनको सोचाइमा रचना साहित्यइतर हुनुपर्छ । किन ? किनभने कल्पनाको उपस्थितिले गर्दा साहित्य वस्तुपरक हुँदैन र कल्पनाले पाठकलाई यथार्थ जीवनबाट बहकाएर र हवाई लोकमा बरालेर बिगार्छ । म साहित्यको विद्यार्थी । साहित्य पढ्दापढ्दै र साहित्य सिर्जना गर्ने असफल अभ्यास गर्दागर्दै मेरा गाला चाउरी परेका छन्, मेरा गिजा खुइलिएका छन् र मेरो कपाल फुलेको छ । साहित्य पढ्नु र साहित्य लेख्नु– बस्, मैले जिन्दगीमा केही काम गरेँ भने आखिर गरेको यही नै त हो । र मैले अलिअलि जानेको कुरा केही छ भने त्यो हो– साहित्य पढ्नु र साहित्य लेख्नु मात्र । तर युवा कसै गरी टार्न नसकिने गरी घरीघरी मसँग जिरह गरिरहेछन्– उडन्ते साहित्य होइन नि, वस्तुपरक लेख ! एकदम ठोस, एकदम साकार, एकदम मूर्त ! माथि टुप्पीदेखि तल पैतालासम्म सर्वाङ्ग वस्तुपरक ! मलाई लाग्यो, यो माग जोगीसँग सुनको लाप्सो माग्नुजस्तै हो । त्यसैले प्रत्युत्तरमा मैले सविनय भनेँ– युवा बाबु ! म जोगी हुँ । अत: मागबमोजिम सुनको लाप्सो दिन नसक्दा मलाई भारी दु:ख छ । तर युवा ममा त्यसरी टाँसिए, जसरी सिंहदरबारको कुर्सीमा नेता टाँसिन्छ । हात बङ्ग्याउँदै अनेक यत्न गरेर म टिप्न खोज्छु, ढाडको अक्करमा टाँसिएका नेतालाई टिप्न मेरो हातै पुग्दैन । हेर्नुस् त, मलाई कत्रो आपत् ! युवाको जिद्दी देखेर आजित भएको क्षणमा मलाई किशोरवयमा सानो कक्षामा निबन्ध लेख्दाको सम्झना भयो । निबन्ध लेखनमा मेरो बाह्रखरीकाल थियो त्यो । जीवनको त्यस कलकलाउँदो कालमा मैले गाईको निबन्ध लेख्नुपर्थ्यो । गाईवस्तु जातको जीव हो, त्यसैले गाईको त्यो निबन्ध एकदमै वस्तुपरक हुन्थ्यो । गाई घरमै छ । गाई साकार छ । गाईलाई देख्न सकिन्छ । गाईलाई छुन सकिन्छ । गाईलाई छाम्न सकिन्छ । त्यसको निश्चित आकार छ र छ त्यसको निश्चित प्रकार पनि । तल धर्तीमुखी चारवटा खुट्टा छन्, माथि छन् क्षितिजमुखी दुईवटा सिङ । माथि उँभोतिर उठेको स्त्रीमय होचो जुरो छ र तल छ उँधोतिर झरेको रहरलाग्दो, रसिलो र पोटिलो फाँचो । आखिर गोचर गाई न हो, भोक लागे चुरुमचुरुम घाँस खाने, विश्रामकाल आयो कि हाँसउठ्दो गरी याइँयाइँ उग्राउने र कसैले जिस्क्यायो भने रिसले रन्थनिँदै खेदीखेदी त्यसलाई सिङमा उन्न प्रतिशोध अभियानमा डट्ने । त्यो चौपाया यतिबिधि उपयोगी छ कि त्यसको छालादेखि हड्डीसम्म उपयोगै उपयोगले सर्वाङ्ग भरिपूर्ण छ । जिउँदो छँदा हामीलाई दुध र गोबरको उपहार दिने र मरेपछि आफ्नो पार्थिव शरीरबाट हामीलाई कृपापूर्वक जुत्ता र टाँक टर्क्याउने । भयो होइन त यो गाईको गजबको वस्तुपरक निबन्ध !

उत्साही युवाको जिरह जब्बर छ । उनले मलाई ताकेता लगाउन छाडेका छैनन् । रैथानेज्यू, रचना नभई हुँदैन नि ! मिथ्या कल्पनाको जालो बुनिएको साहित्य होइन, एकदम वस्तुपरक ! यो रैथानेको नाताले रैथानेसितको माग हो र दिन्नँ भन्नु पाप हो ।

हरितन्नम जोगी रनभुल्ल परेको छ । आफूसँग हुँदै नभएको चिज उसले कहाँ कसको चोरेर टर्क्याउनु ?

यहाँनेर मलाई निबन्ध लेखनको मेरो दोस्रो चरणको याद आयो । अतीतको स्मरण गर्दै म आनन्दविभोर हुन्छु, गाईको निबन्ध लेखनमा पारङ्गति प्राप्त गरेपछि इन्द्रेणीको निबन्ध लेखनमा सगौरव मेरो बढुवा भएको थियो । शून्य आकाशमा जहाँ घाम र पानीको सङ्गम हुन्छ, त्यहाँ सप्तरङ्गी इन्द्रेणी उदाउँछ । तर त्यसलाई छुन, त्यसलाई छाम्न, त्यसलाई भेट्न, त्यसलाई ल्याएर भित्तामा टाँग्न कदापि सकिँदैन । भेट्छु नै भनेर कोही त्यसको पछि लागे त्यो पर, झन्झन् पर सर्दै, भाग्दै जान्छ । लखेट्छु र भेटेरै छाड्छु भनी उसले जिद्दी गरे त्यो अनायास कतै शून्यमा अलप भइहाल्छ । र त्यो आखेटकारी, त्यो मूर्ख, त्यो त हिस्स हरिप हरिया दाँत हुन पुग्छ । हो, ठोस हुनुको अर्थमा इन्द्रेणी वस्तुपरक छैन । तर प्रतीकात्मक रूपले इन्द्रेणीमा जीवनको गूढ अर्थबोध हुन्छ । जीवन ठोस मात्र छैन, तरल पनि छ । जीवन एकरङ्गी छैन, जीवन बहुरङ्गी छ । जीवन एक आयामिक छैन, जीवन बहुआयामिक छ, जीवन वर मात्र छैन, जीवन पर पनि छ । जीवन बाहिर मात्र छैन, जीवन भित्र पनि छ । जीवन गोचर मात्र छैन, जीवन अगोचर पनि छ । जीवन दुई दुना चार जस्तो गणितीय हिसाबले बुझिने खालको सरल र स्थूल छैन, यसका आफ्नै रहस्य छन्, यसका आफ्नै अमूर्त कथा र गाथाहरू छन् । त्यसैले जीवन गाईको निबन्धभैँ सपाट अर्थमा वस्तुपरक कहाँ छ ? तर मेरो दु:ख अपार छ, युवा मित्र मसँग जिरह गरेका गऱ्यै छन्– हेक्का रहोस् है दाज्यैज्यू ! रचना एकदम वस्तुपरक हुनुपर्छ । अब के म उनलाई उही किशोरकालमा मैले कोरेको गाईको निबन्ध दिएर पिण्ड छुटाऊँ ?

म भन्न खोज्दै थिएँ– दैहिक हाड र छाला मात्र जीवन होइन, न त नाक र नाइटो मात्र नै जीवन हो । उसो त रुद्रघन्टी र गोलीगाँठो मात्र पनि जीवन होइन, भावना र भावुकता पनि जीवन हो । कामना र सपना पनि जीवन हो । आवेग र अनुभूति पनि जीवन हो । त्यसैले दर्शन र काव्य पनि त जीवनबाटै जन्मिएका जीवनका झाँकीहरू हुन् । भावना र भावुकता, कामना र सपना, आवेग र अनुभूति, दर्शन र काव्य जीवन यथार्थका झलक त हुन् तर मेरा युवा मित्रको आशयअनुसार यिनीहरू वस्तुपरक छैनन् । उसो भए वस्तुपरक भइदिनका लागि म के लेखूँ ? म हाड र छाला लेखूँ ? नाक र नाइटो लेखूँ म ? कि म रुद्रघन्टी र गोलीगाँठा लेखूँ ? कि फेरि उही गाईको किशोरकालीन सपाट निबन्ध ? म अनुमान गर्छु, मेरा युवा मित्र औपचारिक शिक्षाको भऱ्याङ उक्लिँदै माथि, निकै माथि आईए-बीएको उचाइमा पुगेको हुनुपर्छ । अचम्म लाग्छ, जीवनको त्यति लामो आयु अर्पेर र त्यतिबिधि पैसा खर्च गरेर त्यत्रो उचाइमा उक्लिउन्जेल महेन्द्रीय राजसी शिक्षाले उनलाई के सिकायो होला ? केवल गाईको निबन्ध ? केवल साहित्यप्रतिको वितृष्णा? केवल जीवनको आन्तरिक सत्यप्रतिको अरुचि ? केवल जीवनको बोक्रो ? जीवनको केवल अति सरलीकृत, एक आयामिक र सपाट परिभाषा ? बोक्रो मात्र जीवन होइन, जीवनको बोक्रोभित्र गुदी पनि हुन्छ भनेर शाही शिक्षाले उनलाई कहिल्यै सिकाएन ? त्यस गुदीको केन्द्रमा उर्वर र सुन्दर कल्पना हुन्छ भनेर त्यो नाथे शिक्षाले उनलाई कहिल्यै केही भनेन ?

कता हो कुन्नि पढेको वा सुनेको कुरा म सम्झन्छु– तिथिमितिबाहेक इतिहास सबै झुटो हो र साहित्यचाहिँ तिथिमिति बाहेक सबै सत्य हो । म गम्छु, यस कथनमा सत्यको केही न केही अंश अवश्य हुनुपर्छ । मेरा युवा मित्रले आँखीभुइँ खुम्च्याउँदै मतिर फर्केर भन्लान्– तर साहित्यमा त उडन्ते कल्पना हुन्छ नि दाज्यैज्यू ! अवस्तुपरक कल्पना भएको वस्तु कसरी सत्य हुन्छ ? जीवनमा के हुन्छ त मित्र ? कल्पना हुँदैन ? जसले कल्पना गर्दैन त्यो त ढुङ्गो हो । त्यो काँध खुइलिएको वृद्ध बयल हो । त्यो सिँगाने भेडो हो । बगरको निष्प्राण, निस्तेज र संवेदनाहीन मुढो हो त्यो । मानिस मानिस हो किनभने मानिस कल्पना गर्छ । ऊ सपना देख्छ, ऊ मुरली बजाएँछ, ऊ गीत गाउँछ, ऊ प्रेम गर्छ, ऊ विराट् कल्पनाले भरिएको कविताको रचना गर्छ, ऊ हाँस्छ, ऊ रुन्छ र सप्तरङ्गी इन्द्रेणी हेरेर ऊ त्यसैत्यसै आनन्दविभोर हुन्छ । जीवनमा उर्वर कल्पना नभएको भए जङ्गली मानिस जङ्गलमै छाडिन्थ्यो र उतै कतै हराउँथ्यो ऊ । उसमा रोमाञ्चक कविताको रचना गर्ने त कुरै नगरौँ, गाईको निबन्ध लेख्ने ल्याकतको पनि विकास हुने थिएन । रचनात्मक कल्पनाको बाइपङ्खी घोडा चढेर न हो मानिसले जङ्गलदेखि बस्तीसम्म र बर्बरतादेखि सभ्यता सम्मको यति लामो यात्रा छिचोलेको । उसो त ईश्वरको जन्म पनि मानिसको विराटतम कल्पनाबाटै भएको हो । मानिसले ईश्वरमा आफ्नै सपनाहरूको एउटा सुन्दर र परिपूर्ण विम्ब निर्माण गरेको थियो । ऊ आफू अल्पज्ञानी थियो, त्यसैले उसले ईश्वरलाई सर्वज्ञ बनायो । ऊ आफू भूगोलको सीमित घेरोमा मात्र व्याप्त हुन सक्थ्यो, त्यसैले उसले ईश्वरलाई सर्वव्यापी बनायो । ऊ आफू जीवनको सीमित वृत्त मात्र देख्न सक्थ्यो, त्यसैले उसले ईश्वरलाई सर्वद्रष्टा बनायो । उसको जीवन समयको एक लघु तरङ्गमा मात्र सीमित थियो, त्यसैले उसले ईश्वरलाई अनन्त अजरअमर बनायो । मानिसले रचेको ईश्वर मानिसको कल्पनाशील विम्ब थियो । उसका दुर्दान्त आकाङ्क्षाहरूको साकार रूप थियो त्यो । त्यसैले त भनिन्छ– ईश्वर मानिसले रचना गरेका काव्यहरूमध्ये श्रेष्ठतम् काव्य हो । गम्नुस् त, मानिसलाई ईश्वरको रचना गर्न समर्थ तुल्याउने त्यो रचनात्मक कल्पना कति भव्य थियो !

जीवनमा कल्पना नहुनु वा कल्पनाको मृत्यु हुनु भनेको मानिसका सपनाहरूको मृत्यु हुनु हो । सपनाको मृत्यु हुनु भनेको कविताको मृत्यु हुनु हो । कविताको मृत्यु हुनु भनेको मानवीयताकै मृत्यु हुनु हो, तर कल्पनाविरुद्ध तरबार उजाएर मतिर फर्किएका मेरा युवा मित्र भने हठ गरिरहेकै छन्– रैथानेज्यू ! कल्पनाको लेस मात्र पनि अंश नभएको एउटा वस्तुपरक रचना है ! अब म के गरुँ? के उनको आग्रहअनुसार म आफ्नै उमेरलाई फर्काएर पाँचथर, सुभाङ, गुरुङछापमा किशोरवयको पाँचौं कक्षाको विद्यार्थी हुन जाऊँ ? कि म उनलाई उही गाईको वस्तुपरक निबन्ध टर्क्याएर आफू पाखण्डको पर्दाभित्र लुकी बसूँ ?

*-रातोपाटी डटकम*

# आज अन्तर्राष्ट्रिय सहकारी दिवस मनाईंदै




**पाल्पा,** असार २१/आज विश्वभर अन्तर्राष्ट्रिय सहकारी दिवस मनाईंदै छ । नेपालसहित विभिन्न देशमा जुलाई पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइन्छ । 'सहकारीले सबैको राम्रो भविष्य निर्माण गर्छ' भन्ने मूल नाराका साथ यस वर्ष उक्त दिवस मनाउन थालिएको हो ।

सन् १८४४ मा बेलायतका रबर्ट ओवेनले सुरुवात गरेको सहकारी आन्दोलनले सन् १९९२ मा संयुक्त राष्ट्रसंघको मान्यता प्राप्त गरेको हो । सन् १९९२ को डिसेम्बर १६ मा बसेको संयुक्त राष्ट्रसंघको साधारणसभाले हरेक वर्ष जुलाई पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउने घोषणा गरेयता विश्वभर नै प्रत्येक वर्ष जुलाईको पहिलो शनिबार अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउँदै आएको छ । नेपालमा भने २०७० सालमा सहकारी सोचको संस्थागत विकास भएको हो । तर २०१३ सालमा बखान सहकारी संस्थाको स्थापनापश्चात् मात्र नेपालमा सहकारी अभियानको सुरुवात भएको मानिन्छ तर पनि अहिलेसम्म सहकारीले अपेक्षाकृत गुणात्मक फड्को मार्न भने सकेको छैन । यसका प्रमुख कारकको रुपमा सहकारी बचत तथा ऋण क्षेत्रमा बढी केन्द्रित हुनु, उत्पादन तथा स्वरोजगार क्षेत्रमा कारोबार घट्नु, सहकारी शिक्षा र चेतना वृद्धि हुन नसक्नु नै रहेको छ । सहकारी क्षेत्रले आफूलाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको निर्विकल्प निकायको रुपमा स्थापित गर्नुपर्छ । मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि संविधानले सहकारीको महत्वलाई स्वीकार गरेको छ । सहकारी संस्थाको सञ्चालन स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको वर्तमान अवस्थामा बढ्दो संख्याको सहकारी संस्थालाई व्यवस्थित सञ्चालनका लागि सहकारी ऐनलाई परिमार्जन गरी समयानुकूल बनाउनुपर्ने देखिन्छ । सहकारी क्षेत्रमा देशको ठूलो अर्थतन्त्रको हिस्सा रहेको भएपनि संघीय प्रदेश र स्थानीय सरकारबाट सहकारी क्षेत्रका सवाललाई कसरी सम्बोधन गरिने हो भन्ने हालसम्म प्रस्ट हुन सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । सहकारीलाई थप सक्रिय र चलायमान बनाउन स्थानीय तहको भूमिका महत्वपूर्ण हुनुपर्दछ । सहकारीको समग्र अभियानको मूल लक्ष्य भनेकै समाज रुपान्तरणका लागि ऐक्यबद्धता रहेको हुँदा त्यसलाई नै विशेष प्राथमिकता दिएर जनजीविकामा सहजता ल्याउँने काममा स्थानीय सरकारले ध्यान दिनुपर्छ ।

# तानसेनमा अपाङ्गता सम्बन्धी कानुनी विषयक गोष्ठी



**पाल्पा,** असार २१/जिल्लाको तानसेनमा अपाङ्गता सम्बन्धी कानुनी व्यवस्था विषयक बैठक तथा गोष्ठी भएको छ । राष्ट्रिय अपाङ्गता महासंघको आयोजना, तानसेन नगरपालिकाको सहयोग, द एसिया फाउण्डेसन नेपालको सहकार्य र सिर्जनशील अपाङ्ग स्वालम्बन केन्द्र तानसेनको समन्वयमा बैठक तथा गोष्ठी भएको हो ।

स्थानीय तहले अनिवार्य गर्नुपर्ने अपाङ्गता सम्बन्धी कानुनी व्यवस्था विषयक बैठक तथा गोष्ठी आयोजना गरिएको नगरपालिकाले जनाएको छ । गोष्ठीको तानसेन नगरपालिका प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख श्रेष्ठले नगरपालिकाले विगतदेखि नै अपाङ्गता भएका व्यक्तिहरूको हकहितमा काम गर्दै आएको बताए । अपांगता भएका व्यक्तिका क्षेत्रमा काम गर्ने विभिन्न संस्थासँगको सहकार्यमा नगरपालिकाले काम गर्दै आइरहेको उनले उल्लेख गरे ।

उपप्रमुख प्रतीक्षा सिंजालीले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका विषयमा नगरपालिकाले विशेष ध्यान दिएको बताईन् । उनले अपाङ्गता भएका व्यक्तिहरुको लागि नगरपालिकाले कार्ड समेत वितरण गरेको जानकारी दिईन । उपप्रमुख सिंजालीले भनिन् 'नगरभित्रका ४ सय ३५ अपाङ्गता भएका व्यक्तिहरुलाई कार्ड वितरण गरि सकिएको छ ।' ७४ जनालाई (क), १ सय ५८ जनालाई (ख), १ सय ४० जनालाई (ग) र ६३ जनालाई (घ) वर्गको कार्ड वितरण गरिएको उनले बताइन् । चालु आर्थिक वर्षमा मात्र ५३ जनालाई विभिन्न प्रकारका कार्ड वितरण गरिएको समेत सिंजालीले उल्लेख गरिन । नगर प्रवक्ता यादवसिंह कार्कीले अपाङ्गता भएका व्यक्तिको तथ्यांक संकलन गरेर उनीहरूको हितमा काम गरिरहेको बताए । अझै कस्ता खालका कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी बन्न सक्छ भन्नेबारे सुझाव दिन समेत उनले सबैलाई आग्रह गरे । प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले बनेका नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए । उनले अपाङ्गता भएका व्यक्तिलाई राज्यले प्राथमिकता दिनुपर्ने, कार्यालयहरु अपांगमैत्री बन्नपर्ने, उनीहरुलाई सम्बन्धित ठाउँमै पुगेर सेवा दिनुपर्ने, सेवा सुविधा र अधिकारबारे सरोकारवाला निकायका व्यक्तिले इमानदार भएर काम गर्नुपर्ने उल्लेख गरे । नगरपालिकाले अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका संस्थासँग आगामी आर्थिक वर्षमा पनि यसैगरी सहकार्य गर्नेमा आफू आशावादी रहेको सिर्जनशील अपाङ्गता स्वालम्बन केन्द्रका अध्यक्ष सन्दीप भट्टराइले बताए । अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गरेर उनीहरूलाई प्रत्यक्ष लाभ हुने खालका कार्यक्रम सञ्चालन गर्न समेत उनले आग्रह गरे । कार्यक्रममा अधिवक्ता डा. लक्ष्मण प्रसाद ज्ञवालीले अपाङ्गता भएका व्यक्तिको संविधानमा भएका अधिकार र स्थानीय तहले उनीहरूको क्षेत्रमा गर्न सक्ने कामबारे सहजीकरण गरेका थिए ।

# रामपुरको...

...उनले महिला दिदीबहिनीहरुलाई आत्मनिर्भर बनाउन आवश्यक सीप विकासका कार्यक्रम, उद्यमशिलता विकास कार्यक्रम, उत्पादन वृद्धिका लागि वडा-वडामा पकेट कार्यक्रम, जेष्ठ नागरिकको लागि जेष्ठ नागरिक स्कुल सञ्चालन लगायतका रचनात्मक कार्यक्रम नीति तथा कार्यक्रममा समावेश गरिएको बताए । प्रवक्ता खाँणले शिक्षा, स्वास्थ्यसँगै पूर्वाधार विकासलाई अघि बढाउने प्रयत्न गरिरहेको पनि उल्लेख गरे । उनले पूर्वाधार विकासमा ठूला योजना एकै वर्ष सम्पन्न गर्न नसकिने भएकाले क्रमागत योजनामार्फत अघि बढाईएको बताए । चालू खर्च कटौटी गरी पुँजीगत खर्च वृद्धिमा हदैसम्मको प्रयास गरिरहेको खाँणले उल्लेख गरे । नगरको आन्तरिक आम्दानीलाई वृद्धि गर्न करको दर भन्दा दायरा फराकिलो बनाइएको र यस वर्ष थप सक्रिय रुपमा लागने उनले बताए । खाँणले आगामी आर्थिक वर्षबाट राजस्व भुक्तानीलाई डिजिटल माध्यमबाटै तिर्नसकिने व्यवस्था गर्ने तयारी भैरहेको समेत बताए । नगरपालिकाले टुक्रे योजना घटाउने र टोलविकास संस्थाबाट योजनाको काम गर्नमा जोड दिईने उल्लेख गरे ।

खेलकुद समाचार

## इक्वेडरलाई हराउँदै अर्जेन्टिना सेमिफाइनलमा



काठमाडौं, २१ असार/इक्वेडरलाई पेनाल्टी सुटआउटमा ४-२ ले पराजित गर्दै साविक विजेता अर्जेन्टिना कोपा अमेरिका २०२४ को फाइनलमा प्रवेश गरेको छ ।

कप्तान लियोनल मेसीले पेनाल्टीमा गोल गर्न नसकेपछि गोलकिपर एमिलियानो मार्टिनेज नायक बन्दै दुई पेनाल्टी बचाएपछि अर्जेन्टिना विजयी बनेको हो । त्यसअघि निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा सकिएपछि खेलको नतिजा सिधै पेनाल्टी सुटआउटबाट भएको हो । ३५औं मिनेटमा लिसान्ड्रो मार्टिनेजले गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाएका थिए । कप्तान लियोनल मेसीको कर्नरमा एलेक्सिस म्याक एलिस्टरले मिलाएको पासमा लिसान्ड्रोले गोल गरेका थिए ।

दोस्रो हाफमा इक्वेडरले बराबरी गर्ने अवसर गुमायो । ६१औं मिनेटमा इनर भ्यालेन्सियाले पेनाल्टीमा गोल गर्न सकेनन् । उनको प्रहार पोष्टमा लागेर फर्कियो । अर्जेन्टिनाका रोड्रिगो डे पउलले पेनाल्टी एरियामा बल ह्यान्ड गरेपछि इक्वेडरले पेनाल्टी पाएको थियो । तर गोल गर्न असफल रह्यो । अर्जेन्टिना भने यसमा भाग्यमानी बन्यो ।

तर इक्वेडरले इन्जुरी टाइममा बराबरी गोल फर्कायो । इक्वेडरका केभिन रोड्रिगेजले बराबरी गोल गरेका थिए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## सुनको मूल्य बढ्यो



**पाल्पा,** असार २१/शुक्रबार सुनको मूल्य समान्य रुपमा बढेको छ । सुन तोलामा एक सयले वृद्धि भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार, छापावाला सुन प्रतितोला एक सयले वृद्धि भएको छ । बिहीबार प्रतितोला एक लाख ४४ हजार तीन सयमा कारोबार भएको छापावाला सुन शुक्रबारका लागि भने एक लाख ४४ हजार चार सय निर्धारण भएको हो ।

तेजाबी सुन बिहीबार प्रतितोला एक लाख ४३ हजार छ सयमा कारोबार भएकामा शुक्रबारका लागि एक लाख ४३ हजार सात सय निर्धारण भएको छ । चाँदीको मूल्य बिहीबार प्रतितोला एक हजार आठ सय ६५ मा कारोबार भएकामा सो अवधिमा एक हजार आठ सय ७० निर्धारण भएको छ । पछिल्लो केही महिना यता सुनको भाउले विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय-भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई